राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 25, Issue 1 No. 178 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Shrawan 2082 (July/Aug-2025)


## नेपाल टेलिकमद्वारा ICT LAB स्थापना



संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्ने क्रममा शिक्षाको क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्यले नेपाल टेलिकमले विगतमा जस्तै गत आर्थिक बर्ष २०८१।८२ मा पनि देशैभरिका विभिन्न विद्यालयहरुमा ICT Lab (Information and Communication Technology lab) स्थापनाका लागि कम्प्युटर र प्रिन्टर लगायतका सामाग्रीहरु उपलब्ध गराएको छ।

ICT Lab स्थापनाका लागि सामग्री हस्तान्तरणको सिलसिलामा यही २०८२ असार १३ गते ललितपुरको महालक्ष्मी नगरपालिका वडा नं. ६ स्थित सिद्धिमङ्गल माध्यमिक विद्यालयमा आयोजित एक कार्यक्रममा नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सबिना मास्के प्रधानले उक्त विद्यालयलाई ल्याब स्थापनाका लागि आवश्यक कम्प्युटर, प्रिन्टर, किबोर्ड, माउस, युपीएस लगायतका सामग्री प्रदान गर्नुभयो। कार्यक्रममा बोल्दै निमित्त प्रबन्ध निर्देशक प्रधानले विद्यालयको शैक्षिक स्तर उकास्नका लागि सानो योगदान गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले ICT Lab को स्थापनाले विद्यालयका साना-साना भाइबहिनीहरुको शैक्षिक विकासमा प्रभावकारिता अभिवृद्धि हुने विश्वास व्यक्त गर्दै नेपाल टेलिकम सञ्चार सेवाको विस्तार र विकास गर्दै राष्ट्रको सेवामा समर्पित संस्था भएकोले नेपाल टेलिकमका सेवाहरु प्रयोग गरी लाभान्वित हुन र देश विकासको साझा लक्ष्यमा योगदान गर्न सबैसँग आग्रह समेत गर्नुभयो।

यसैगरी कार्यक्रममा सम्बोधन गर्दै प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेशका निर्देशक इन्दल यादवले सेवा विस्तारसँगै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर कम्पनी अगाडि बढिरहेको बताउनुभयो। उहाँले आर्थिक बर्ष




(बाँकी पृष्ठ २ मा)

## नेपाल टेलिकम र सानिमा बैंक लिमिटेडबिच सम्झौता

नेपाल टेलिकम र सानिमा बैंक लिमिटेडबिच उक्त बैंकमा नयाँ खाता खोल्ने र मोबाइल बैंकिङ सेवा सुचारु गर्ने ग्राहकलाई नेपाल टेलिकमको प्रिपेड सिमकार्ड नि:शुल्क वितरण गर्ने बिषयमा सम्झौता सम्पन्न भएको छ । नेपाल टेलिकम, केन्द्रीय कार्यालय, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयमा यही मिति २०८२ असार १३ गते आयोजित एक कार्यक्रमकाबिच उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको हो।




सानिमा बैंक लिमिटेडका शाखाहरुमा नयाँ खाता खोल्ने तथा मोबाइल बैंकिङ सेवा सक्रय गर्ने ग्राहकहरुलाई नेपाल टेलिकमको प्रिपेड सिमकार्ड नि:शुल्क रुपमा उपलब्ध गराई लक्षित ग्राहकहरु समक्ष नेपाल टेलिकम र सानिमा बैंकका सेवाहरुको प्रवर्धन गर्नु यस सम्झौताको मुख्य उद्देश्य रहेको छ।

यसरी नि:शुल्क रुपमा वितरण गरिएका सिमकार्डमा रु. ९८० मुख्य ब्यालेन्स रहनेछ भने एक महिना भित्र प्रयोग गर्न सकिने गरी 300MB Data, ४० मिनेट अन-नेट भ्वाइस सेवा र १० ओटा On Net SMS उपलब्ध हुनेछन्।

सम्झौतापत्रमा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृत गंगा सागर मातन्छे तथा सानिमा बैंकको तर्फबाट प्रमुख निक्षेप अधिकृत हेमराज सन्ज्यालले हस्ताक्षर गर्नुभएको छ।

# डिलरहरूसँग अन्तरक्रिया सम्पन्न

नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय विराटनगर, कोशी प्रदेशको आयोजनामा डिलर तथा पीओएस (Point Of Sale) का प्रतिनिधिहरुसँग समसामयिक विषयमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । गत असार २८ गते मोरङ जिल्लाको सुन्दरहरैचास्थित साकुरा एडभेन्चर रिसोर्टको सभाहलमा कार्यक्रम सम्पन्न भएको हो । प्रादेशिक निर्देशनालयका निर्देशक बिमलेश झाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कम्पनीले बिक्री वितरण गर्दै आएका विभिन्न सेवाहरु जनताका घरआँगनमा सहज तवरले पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने डिलरका प्रमुख तथा तिनका प्रतिनिधि र POS हरुको उपस्थिति रहेको थियो ।



प्रादेशिक निर्देशनालयका व्यापार अधिकृत रेनुका कोइरालाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा यस क्षेत्रका १० मध्ये ९ वटा डिलरहरु इष्टर्न म्यानेजमेन्ट प्रा.लि., इ-सेवा लिमिटेड, ग्यालेक्सी इन्टरनेशनल ट्रेड सेन्टर प्रा.लि., इन्दिरा स्टोर्स, कौनेन ट्रेडर्स, नीव सप्लायर्स, सनराइज ट्रेड लिङ्क, सूर्य सप्लायर्स एण्ड ट्रेडर्स र युआन ट्रेड इन्टरनेशनलका साथै ती डिलरहरुबाट नियुक्त सबडिलर (POS) हरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा निर्देशनालयका बरिष्ठ प्रशासकीय अधिकृत राजाराम घिमिरेले डिलर तथा POS हरुले बिक्रि वितरण गर्दै आएका नेपाल टेलिकमका सेवा तथा वितरण प्रक्रिया बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

यसैगरी अन्तरक्रिया कार्यक्रममा प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका बरिष्ठ व्यापार अधिकृत प्रकाश चन्द्र सिग्देलले डिलरहरुले सिमकार्ड र रिचार्जकार्डको मात्रै कारोबार गर्दै आएकोमा अब फाइबरको बिक्री वितरणमा पनि डिलर र रिटेलरहरुको सहभागितालाई कसरी प्रभावकारी बनाउन सकिन्छ र कम्पनी तथा डिलर दुवै पक्षले यसबाट कसरी पारस्परिक लाभ लिन सकिन्छ भन्ने बिषयमा केन्द्रित रहेर आफ्नो प्रस्तुतीकरण राख्नुभएको थियो ।

कार्यक्रममा डिलरका प्रतिनिधि तथा POS हरुले NTFTTH (फाइबर-टू-द-होम), सिमकार्ड तथा रिचार्जकार्ड लगायत नेपाल टेलिकमका सेवाहरु बिक्री गर्दा आफूहरुले भोग्नु परेका समस्याहरु उल्लेख गर्दै सोको शीघ्र समाधानका लागि पहल गरिदिन आग्रह गर्नु भएको थियो ।

प्रवन्धक नारायण प्रसाद काफ्लेको स्वागत मन्तव्यबाट शुरु भएको अन्तरक्रिया कार्यक्रममा प्रादेशिक निर्देशनालयका लेखा प्रमुख राजेन्द्र दाहालले कम्पनीको व्यापारिक साझेदारको रुपमा रहेका डिलर तथा POS हरुलाई कम्पनीको सेवा विक्रीमा अझ सक्रिय भएर लाग्न आग्रह गर्नुभयो ।

(बाँकी पृष्ठ ४ मा)

## नेपाल टेलिकमद्वारा......

(पृष्ठ १ को बाँकी)




२०८१।८२ मा देशभरिका विभिन्न जिल्लाका ४० विद्यालयमा ICT Lab स्थापना गरेर नेपाल टेलिकमले बालबालिकाको शिक्षाको स्तर विकास र विस्तारमा निरन्तर काम गरिरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मीनबहादुर अछामीले नेपाल टेलिकमले विद्यालयलाई प्रविधिसँग नजिक राख्न र अध्ययन अध्यापन कार्यलाई प्रभावकारी बनाउन आफ्नो विद्यालयमा ICT Lab स्थापना गरिदिएर अत्यन्तै ठुलो सहयोग गरेकोमा कृतज्ञता व्यक्त गर्नुभयो ।

विद्यालयका सहायक प्रधानाध्यापक भरतमणि तिमिल्सिनाले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यकममा नेपाल टेलिकम, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक रबिन्द्र मानन्धर, उप-प्रबन्धक नवीन कुमार मिश्र, प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेशका उप-प्रबन्धक डम्बर बहादुर चन्द लगायत कर्मचारीहरु तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण कुमार महर्जन, महालक्ष्मी नगरपालिका वडा नं. ६ का वडाध्यक्ष धर्म महर्जन, विद्यालयका शिक्षकशिक्षिका, कर्मचारी तथा विद्यार्थीहरु लगायतको उपस्थिति रहेको थियो ।

### आर्थिक बर्ष २०८१।८२ मा ICT Lab स्थापना गरिएका विद्यालयहरुः

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | भूमे-९, पूर्वी रुकुम |
| २. | श्री सुधा माध्यमिक विद्यालय | बङ्गलाचुली-५, दाङ |
| ३. | श्री पब्लिक नमूना माध्यमिक विद्यालय | सियारी-४, रुपन्देही |
| ४. | श्री विश्व माध्यमिक विद्यालय | भूमिकास्थान-१, अर्घाखाँची |
| ५. | श्री वीर वलभद्र नमूना माध्यमिक विद्यालय | थवाङ-१, रोल्पा |
| ६. | श्री गणेश माध्यमिक विद्यालय | माण्डवी-१, प्युठान |
| ७. | श्री सिद्धार्थ स्मारक माध्यमिक विद्यालय | बुद्धभूमी-१, कपिलवस्तु |
| ८. | श्री पाञ्चजन्य माध्यमिक विद्यालय | बारबर्दिया-१, बर्दिया |
| ९. | श्री शारदा माध्यमिक विद्यालय | रिब्दीकोट-१, पाल्पा |
| १०. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | सुनिलस्मृति-८, रोल्पा |
| ११. | श्री हिमालय माध्यमिक विद्यालय | तुम्लिङटार-१, संखुवासभा |
| १२. | श्री अमर माध्यमिक विद्यालय | बरबोटे -५, इलाम |
| १३. | श्री अम्बेबर जनता माध्यमिक विद्यालय | त्रियुगा- ९, उदयपुर |
| १४. | श्री मनकामना रत्न अम्बिका माध्यमिक विद्यालय | खाँदबारी-९, संखुवासभा |
| १५. | श्री गोकुण्डेश्वर माध्यमिक विद्यालय | धनकुटा-६, धनकुटा |
| १६. | श्री रसुवा माध्यमिक विद्यालय | रौतामी-२, उदयपुर |
| १७. | श्री जालपा माध्यमिक विद्यालय | सिद्धिचरण-११, ओखलढुङ्गा |
| १८. | श्री जनता नमूना माध्यमिक विद्यालय | विराटनगर-२, मोरङ |
| १९. | श्री श्री माध्यमिक विद्यालय | औरही-२, धनुषा |
| २०. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | बहुदरमाई-३, पर्सा |
| २१. | श्री संस्कृत माध्यमिक विद्यालय | दुर्गाभगवती-३, रौतहट |
| २२. | श्री सरस्वती माध्यमिक विद्यालय | भीमदत्त-३, कञ्चनपुर |

(बाँकी पृष्ठ ३ मा)

# संस्थागत सामाजिक उत्तरदायित्व (CSR) गतिविधि

## पञ्चकोशी वेद विद्याश्रमलाई शैक्षिक सामग्री हस्तान्तरण:

संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय सुर्खेतले दैलेख जिल्लाको दुल्लु नगरपालिकास्थित श्री पञ्चकोशी माध्यमिक वेद विद्याश्रमलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ ।




यही असार ७ गते विद्याश्रमको प्राङ्गणमा आयोजित कार्यक्रममा विद्यालयलाई १४ थान सिलिङ पङ्खा र १६ लिटर क्षमताको एक थान प्रेसर कुकर प्रदान गरिएको थियो । नेपाल टेलिकमले वैदिक शिक्षा प्रदान गर्दै आएको गुरुकुल शैलीको यस विद्यालयलाई सहयोग गरी अध्ययनको वातावरण सुधार गर्ने तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याउने उद्देश्य लिएको छ ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य भीमनाथ योगी, नाभिस्थान मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नवीनकुमार योगी, विद्यालयका प्रधानाध्यापक खगेन्द्र प्रसाद बजगाई लगायतका वक्ताहरुले संस्कृति, परम्परा र नैतिक शिक्षाको बारेमा चर्चा परिचर्चा गर्नुभएको थियो । नेपाल टेलिकम दू.सं.का. दैलेखका कार्यालय प्रमुख शिव आचार्य सहित प्रादेशिक निर्देशनालयका लेखा अधिकृत, सहायक व्यापार अधिकृत र सहायक प्राविधिक अधिकृतको टोलीले विद्यालयलाई उल्लेखित सामग्रीहरु हस्तान्तरण गरेको थियो । उक्त अवसरमा लेखा अधिकृत बिमल पोखरेलले टेलिकमद्वारा प्रदान गरिने सेवा-सुविधा (मोबाइल, इन्टरनेट, PSTN, FTTH आदि) का साथै शिक्षा, स्वास्थ्य, वातावरण सरसफाइ विपद् व्यवस्थापन आदिका क्षेत्रमा कम्पनीले पुऱ्याएको योगदानबारे जानकारी दिनुभएको थियो ।

कक्षा १ देखि १२ सम्म अध्यापन हुने उक्त विद्यालयमा कुल ८५ जना वटुकहरू अध्ययनरत छन् भने संस्कृत भाषा, वेद, पुराण, धर्मशास्त्र, नीति, नित्यकर्म, वैदिक मन्त्र आदि विषयमा शिक्षा प्रदान गर्ने गरिएको छ । उक्त विद्यालयले गुरुकुल परम्पराअनुसार अनुशासनमा आधारित वैदिक र नैतिक शिक्षा प्रदान गर्दै आएको छ । ग्रामीण भेगका बालबालिकालाई परम्परागत ज्ञानसँगै आधुनिक शिक्षा दिँदै आएको यस विद्यालयमा नेपाल टेलिकमको सहयोगले अध्ययनरत वटुकहरुलाई सहजता प्रदान गर्ने छ ।

## सहयोग सामग्री हस्तान्तरण

नेपाल टेलिकम प्रादेशिक निर्देशनालय काठमाडौंले धापाखेल ललितपुरस्थित नेपाल स्नेही काख र बुढानिलकण्ठ-७, गल्फुटार काठमाडौंस्थित रिमा सेवा समाजलाई



सहयोग सामग्री हस्तान्तरण गरेको छ ।

नेपाल स्नेही काख धापाखेलमा आयोजित एक कार्यक्रमका बीच प्रादेशिक निर्देशनालय काठमाडौंका निर्देशक इन्दल यादवले संस्थाका अध्यक्ष नेहा पोखरेल लाई उक्त सामाग्रीहरु हस्तान्तरण गर्नुभयो । उक्त कार्यक्रममा दाल, चामल, तेल, घ्यू लगायतका विभिन्न खाद्यान्न सामग्रीहरु प्रदान गरिएको थियो ।

उक्त अवसरमा स्नेही काखका अध्यक्ष नेहा पोखरेलले नेपाल टेलिकमले संस्थामा आश्रित व्यक्तिहरुका लागि अत्यावश्यक सामग्रीहरु प्रदान गरेकोमा नेपाल परिवारप्रति कृतज्ञता ज्ञापन गर्नुभएको थियो ।



यसैगरी रिमा सेवा समाजको कार्यालयमा आयोजित अर्को कार्यक्रममा प्रादेशिक निर्देशनालयका प्रबन्धक प्रबिन बज्राचार्यले रिमा सेवा समाजलाई अत्यावश्यक खाद्यान्न सामग्रीहरु हस्तान्तरण गर्नुभयो ।

सो संस्थाका अध्यक्ष रिमा सापकोटालाई सहयोग स्वरूप उक्त खाद्यान्न सामग्रीहरु हस्तान्तरण गरिएको थियो । अध्यक्ष सापकोटाले उक्त अवसरमा आश्रमको हित चिताउँदै सहयोग प्रादान गर्नुभएकोमा नेपाल टेलिकमलाई धन्यवाद सहित मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## नेपाल टेलिकमद्वारा......

(पृष्ठ २ को बाँकी)

| | | |
|---|---|---|
| २३. | श्री शुक्र माध्यमिक विद्यालय | चुरे-५, कैलाली |
| २४. | श्री भुवनेश्वरी माध्यमिक विद्यालय | परशुराम-४, डँडेल्धुरा |
| २५. | श्री सिद्धिमङ्गल माध्यमिक विद्यालय | महालक्ष्मी-६, ललितपुर |
| २६. | श्री त्रिभुवन त्रिशुली माध्यमिक विद्यालय | बिदुर-१, नुवाकोट |
| २७. | श्री जनक माध्यमिक विद्यालय | नमोबुद्ध-४, काभ्रेपलाञ्चोक |
| २८. | श्री कोमिन श्यामेवाङ्फेल माध्यमिक विद्यालय | गोसाईंकुण्ड-५, रसुवा |
| २९. | श्री प्रभा माध्यमिक विद्यालय | निशिखोला-३, वागलुङ |
| ३०. | श्री सप्तधारा माध्यमिक विद्यालय | मध्यनेपाल-१, लमजुङ |
| ३१. | श्री प्रभा माध्यमिक विद्यालय | अजिरकोट-२, गोरखा |
| ३२. | श्री वीरभक्ति माध्यमिक विद्यालय | राइनास -८, लमजुङ |
| ३३. | श्री चैतन्योदय सत्य माध्यमिक विद्यालय | दोर्दी-४, लमजुङ |
| ३४. | श्री महेन्द्र माध्यमिक विद्यालय | म्याग्दे-१, तनहुँ |
| ३५. | श्री हिमालय माध्यमिक विद्यालय | कुस्मा-२, पर्वत |
| ३६. | श्री महेन्द्र मन्दिर माध्यमिक विद्यालय | सुन्दरबजार-२, लमजुङ |
| ३७. | श्री महेन्द्र देव माध्यमिक विद्यालय | मर्स्याङदी-४, लमजुङ |
| ३८. | श्री वागेश्वरी माध्यमिक विद्यालय | छेडागाउँ-९, जाजरकोट |
| ३९. | श्री बाल कल्याण माध्यमिक विद्यालय | आठबिसकोट-९, रुकुम पश्चिम |
| ४०. | श्री जनज्योति माध्यमिक विद्यालय | चन्दननाथ-१०, जुम्ला |

कम्पनीले आम जनमानससँग प्रत्यक्ष सरोकार रहने शिक्षा, स्वास्थ्य, सामाजिक विकास तथा सशक्तिकरण, वातावरण संरक्षण, प्रकोप तथा संकट व्यवस्थापन, गरिवी निवारण तथा उद्यमशीलताको विकास, खेलकुद आदि क्षेत्रहरुमा आफ्नो उपस्थिति जनाइरहेको छ ।

## इलेक्ट्रोनिक/भर्चुअल सिमकार्ड (eSIM) भनेको के हो?

eSIM (embedded SIM) भनेको मोबाइल फोनभित्रै जडित डिजिटल (भर्चुअल) सिमकार्ड हो, जसलाई सफ्टवेयरको मद्दतले प्रोग्रामिङ गरेर मोबाइलमा Install गरिएको हुन्छ। यसको प्रयोगले परम्परागत भौतिक सिमकार्डको आवश्यकतालाई हटाउँछ भने यसलाई प्रयोगमैत्री पनि मानिन्छ। eSIM सजिलैसँग एउटा मोबाइलबाट UnInstall गरेर अर्को मोबाइलमा Install गर्न पनि सकिन्छ। यो सिमकार्ड हराउने डर नहुने, बिग्रने वा भाँचिने डर नहुने, मोबाइल सेटबाट निकालिराख्नु नपर्ने र एउटै मोबाइलमा एक भन्दा बढी सिम प्रोफाइल राख्न मिल्ने भएकाले निकै सुविधाजनक हुन्छ। तर eSIM प्रयोग गर्नका लागि चाहिँ मोबाइल सेटले eSIM सपोर्ट गर्नु पर्ने हुन्छ।

## आफ्नो मोबाइल सेटमा eSIM कसरी install गर्ने?

तपाईंले आफ्नो मोबाइलमा eSIM Install गर्नका लागि नेपाल टेलिकमको वेवसाइट https://esim.ntc.net.np मार्फत अनलाइन आवेदन दिन सक्नुहुन्छ। अथवा नजिकको नेपाल टेलिकमको काउन्टरमा गई eSIM को QR code प्राप्त गरी Install गर्न सक्नुहुन्छ। नेपाल टेलिकमको मोबाइल एप मार्फत पनि eSIM को लागि आवेदन दिन सकिने व्यवस्था मिलाईंदैछ। यसका साथै eSIM को शुल्क रु. ५० पर्ने हुनाले eSIM activate गर्नका लागि उक्त शुल्क तिर्न तपाईंको मुख्य ब्यालेन्स रु. ५० भन्दा बढी हुनुपर्छ। साथसाथै तपाईंको मोबाइल नम्बर सक्रिय अवस्थामा हुनुपर्छ ताकि OTP प्रमाणीकरण गर्न र System मा login गर्न सकियोस्।

**(याद गर्नुहोस्: eSIM Install का लागि आवेदन दिनुअघि आफ्नो मोबाइल सेटले eSIM सपोर्ट गर्छ कि गर्दैन भनेर बुझ्नु निकै जरुरी हुन्छ।)**

## मेरो मोबाइल सेटले eSIM सपोर्ट गर्छ कि गर्दैन, कसरी थाहा पाउने?

नेपाल टेलिकमको Website (esim.ntc.net.np) वा NTApp मार्फत eSIM को लागि अनलाइन आवेदन दिनुअघि अनिवार्य रुपमा आफ्नो मोबाइलबाट *#06# डायल गरेर हेर्नुहोस्। यदि Device Information मा ८९ बाट शुरु भएको ३२ अंकको EID (Embedded Identity Document) कोड




देखाउँछ भने उक्त मोबाइल सेटले eSIM सपोर्ट गर्छ भन्ने बुझ्न सकिन्छ। होइन भने उक्त मोबाइल सेटले eSIM सपोर्ट गर्दैन।

## https://esim.ntc.net.np पोर्टल मार्फत eSIM को लागि आवेदन कसरी गर्ने त?

नेपाल टेलिकमको eSIM पोर्टल www.esim.ntc.net.np मा आवेदनको समय 'Verify Your Mobile Number' मा आफ्नो मोबाइल नम्बर entry गरेर Send OTP गरिसकेपछि सोही नम्बरमा One Time Password (OTP) code प्राप्त हुन्छ। उक्त OTP code राखिसकेपछि देखापर्ने screen 'Verify Your Details' मा मोबाइल नम्बरको




साथमा नागरिकता नम्बर र जारी भएको जिल्ला छनौट गर्नुपर्ने हुन्छ। निर्देशन बमोजिम अगाडि बढ्दै नागरिकता समातेको स्पष्ट फोटो सहित अन्य विवरणहरु प्रविष्ट गरिसकेपछि eSIM को QR code प्राप्त हुन्छ र सोही QR code scan गरेर आफ्नो मोबाइलमा eSIM Install गर्न सकिन्छ। eSIM activation को अनुरोध पूरा हुन केही समय लाग्न सक्छ। धैर्य गर्नुहोला।

## eSIM को लागि आवेदन गर्दा verification नै हुन सकेन, के भएको होला ?

यदि सिमकार्ड तपाईंको आफ्नै नाममा दर्ता छैन वा नेपाल टेलिकमको System मा दर्ता भएको नाम र नागरिकता नम्बरको विवरण तपाईंले entry गरेको विवरणसँग दुरुस्त मेल खाएन भने 'Verification Failed' भन्ने सन्देश प्राप्त हुन्छ। यस अवस्थामा eSIM का लागि अनलाइन आवेदनको काम अगाडि बढ्न सक्दैन।

## Verification Failed हुने समस्या कसरी समाधान गर्न सकिन्छ त?

eSIM को लागि अनलाइन आवेदन पेश गर्दाको अवस्थामा आफ्नो नागरिकता नम्बर र जारी जिल्ला प्रमाणीकरण गर्न असमर्थ भई Verification Failed भन्ने सन्देश आयो भने नेपाल टेलिकमको रेकर्डमा तपाईंको प्रोफाइल अपडेट गरिएको छैन भन्ने बुझिन्छ। यस अवस्थामा आवश्यक कागजातका साथमा नजिकको नेपाल टेलिकमको काउन्टरमा गएर प्रकृया पूरा गरी सिमकार्ड आफ्नो नाममा दर्ता कायम गराउनु पर्ने हुन्छ। जसले गर्दा भविष्यमा नेपाल टेलिकमका अन्य सेवा प्रयोगमा समेत सहजता हुन जान्छ।

## हाल बजारमा पाइने सबै स्मार्टफोनहरुले eSIM सपोर्ट गर्छन् ?

हाल बजारमा पाइने सबै स्मार्टफोनहरुले eSIM सपोर्ट गर्दैनन्। मोबाइल सेटको eSIM सपोर्ट गर्ने वा नगर्ने क्षमता मोबाइलको हार्डवेयर र अपरेटिङ सिस्टम दुवैमा निर्भर हुन्छ। तसर्थ नयाँ मोबाइल किन्नु अघि त्यसले eSIM सपोर्ट गर्छ कि गर्दैन भन्ने जानकारी लिएर मात्र किन्नु उपयुक्त हुन्छ।

*(पृष्ठ २ को बाँकी)*

## डिलरहरुसँग अन्तरक्रिया......

कार्यक्रमका अध्यक्ष एवम् निर्देशनालयका निर्देशक बिमलेश झाले विगतमा गरेका कामको लागि धन्यवाद दिँदै आगामी दिनमा अझै प्रभावकारी रुपमा कम्पनीको व्यापार प्रवर्धनमा अगाडि बढ्न डिलरहरुलाई निर्देशन दिनुभयो। साथै उहाँले डिलर तथा POS बाट उठेका गुनासा तथा सुझावहरुलाई ध्यानमा राखी गुनासा समाधानका लागि आवश्यक पहल गरिने समेत बताउनुभयो।

कार्यक्रममा दू.सं.का. इटहरीका कार्यालय प्रमुख लोकराज शर्मा भट्टराई, लेखा प्रमुख दिनेश सुवाल, प्रादेशिक निर्देशनालयका विभिन्न शाखाका प्रमुखहरुका साथै नेपाल टेलिकममा क्रियाशील युनियनका प्रादेशिक समितिका पदाधिकारीहरुको समेत उपस्थित रहेको थियो।

**eSIM activation वा उल्लिखित निर्देशनहरु पछ्याउने क्रममा यदि तपाईंले कुनै प्राविधिक समस्याको सामना गर्नुपरेमा नेपाल टेलिकमको नजिकको कार्यालयमा सम्पर्क गर्नुहोला।**

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
E-mail: ntc.news@ntc.net.np फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website: www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Rabindra Manandhar | Joint Co-ordinator : Naveen Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal